भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# व्यावसायिक फर्मले अवलम्वन गर्नुपर्ने गाईभैंसी कल्याण सम्बन्धी मापदण्ड, २०७९

(मिति २०७९।०७।२५ को माननीय मन्त्रीस्तर निर्णयबाट स्वीकृत)

**प्रस्तावनाः** व्यावसायिकरुपमा गाईभैंसीपालन गर्ने फर्महरुले असल उत्पादन अभ्यास अवलम्वन गर्दै गाईभैंसीप्रति हुने निर्दयी व्यवहारमा रोकावट गरी गाईभैसीको कल्याणको अवस्था सुनिश्चित गर्न प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ को दफा २१ को मर्म र भावना अनुरुप उक्त ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## परिच्छेद १ः प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस मापदण्डको नाम "व्यावसायिक फर्मले अवलम्वन गर्नुपर्ने गाईभैंसी कल्याण सम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड दफा २ अनुसारको क्षेत्रमा तत्काल लागु हुनेछ।

२. मापदण्ड लागु हुने क्षेत्रः गण्डकी प्रदेशभर सञ्चालनमा रहेका गाईभैंसीपालन गर्ने व्यावसायिक फर्महरुमा गाईभैंसी प्रति हुने निर्दयी व्यवहार रोकावट गर्दै पशु कल्याणको सुनिश्चितता गर्ने गरी यस मापदण्डको क्षेत्राधिकार निर्धारण गरिएको छ।

३. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(१) "ऐन" भन्नाले गण्डकी प्रदेशको प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ सम्झनु पर्दछ।

(२) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(३) "व्यावसायिक फर्म" भन्नाले प्रचलित कानून अनुसार दर्ता भई मुनाफा आर्जन गर्ने उद्देश्यले सञ्चालन भएका गाईभैंसीपालन गर्ने फर्म सम्झनु पर्दछ।

(४) "पशुधनी" भन्नाले पशुको वा व्यावसायिक फर्मको स्वामित्व भएको प्राकृतिक वा कानूनी व्यक्ति सम्झनु पर्दछ र सो शब्दले त्यस्तो व्यक्ति वा संस्थाद्वारा पशुको हेरचाह वा व्यवस्थापन गर्न खटाएको अन्य व्यक्तिलाई समेत जनाउँदछ।

(५) "गाईभैंसीको कल्याण" भन्नाले गाईभैंसीको शारीरिक वा मानसिक भलाई हुने मापदण्डको दफा ४ बमोजिमका विषयहरु सम्झनु पर्दछ।

(६) "निर्दयी व्यवहार" भन्नाले गाईभैंसीलाई नियतवश वा लापरवाहीपूर्वक मापदण्डको दफा १२ बमोजिम गरिएका कार्यहरु सम्झनु पर्दछ।

(७) "पशु" भन्नाले व्यावसायिक उद्देश्यले दूध उत्पादनका लागि पालिएका गाई, भैंसी र भारवहन, भार तान्ने कार्य वा श्रमशक्तिको रुपमा प्रयोग गरिने बहर, गोरु, राँगा र थारो भैंसीलाई सम्झनु पर्दछ। सो शब्दले पाडापाडी, बाच्छाबाच्छी, थोरे र कोरली समेत सम्झनु पर्दछ।

(८) "थारो पशु" भन्नाले दुहुनो र गर्भिणी दुवै अवस्थामा नरहेको गाई वा भैंसी सम्झनु पर्दछ।

(९) "दर्तावाल पशु चिकित्सक" भन्नाले पशु चिकत्सा परिषद् ऐन, २०५५ अनुसार नाम दर्ता भएको पशु चिकित्सक सम्झनु पर्दछ।

## परिच्छेद २: गाईभैंसी कल्याण सम्बन्धी व्यवस्था

४. व्यावसायिक रुपमा पालिएका गाईभैंसीको कल्याण सम्बन्धी आधारभूत पक्षः गाईभैंसीको कल्याण सुनिश्चित गर्न गाईभैंसीलाई देहाय बमोजिमका आधारभूत पक्ष सुनिश्चित हुने गरी सुविधा उपलव्ध गराउनु पर्नेछ।

(१) भोक, प्यास र कुपोषण हुन नदिने,

(२) डर, त्रास र तनाव हुन नदिने,

(३) भौतिक र शीत तथा तापजन्य असुविधा हुन नदिने,

(४) पीडा, चोटपटक र रोग व्याधिबाट सुरक्षित राख्ने,

(५) सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुरक्षित गर्ने।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

५. पशु आहार व्यवस्थापन सम्बन्धी व्यवस्थाः

(१) पाडापाडी बाच्छाबाच्छीलाई जन्मेको ६ घण्टा भित्र शारीरिक तौलको १० प्रतिशत र २४ घण्टा भित्र शारीरिक तौलको २० प्रतिशत बिगौती दूध चुस्न दिनुपर्नेछ।

(२) पाडापाडी बाच्छाबाच्छीहरुको पोषण आवश्यकता र स्वस्थता कायम हुने गरी उमेर, तौल र पाचन प्रणाली अनुसार दैनिकरुपमा पूर्ण आहारको व्यवस्था गर्नुपर्नेछ। पाडाबाच्छा र पाडीबाच्छीहरु बीच आहारमा विभेद गर्नुहुँदैन।

(३) गाईभैंसीलाई आवश्यकता अनुसार चरन र घाँस परालका अतिरिक्त पर्याप्त मात्रामा सन्तुलित आहार उपलब्ध गराउनु पर्नेछ। गाईभैंसीलाई दिनुपर्ने सन्तुलित दानाको परिमाण अनुसूची १ बमोजिम निर्धारण गर्न सकिनेछ।

(४) व्यावसायिक फर्मले गाईभैंसीको आहार व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने र त्यस्तो योजना कम्तीमा वर्षको दुई पटक पुनरावलोकन गर्ने गरेको हुनुपर्दछ।

(५) गाईभैंसीले इच्छा अनुसार स्वच्छ र सफा पानी पिउन सक्ने व्यवस्था मिलाउनु पर्दछ। सामुहिकरुपमा पानी पिउने व्यवस्था मिलाईएको भएमा एक पटकमा कुल वथानको कम्तीमा १० प्रतिशत पशुले पानी पिउन सक्ने गरी स्थान र पानीको प्रवाह प्रवन्ध मिलाउनु पर्दछ।

६. डर, त्रास र तनाव हुन नदिनेः

(१) देहायको अवस्थामा पशु डर, त्रास वा तनावमा रहेको भन्ने बुझिनेछ।

(क) आरामका समयमा समेत छिटोछिटो स्वासप्रस्वास गरिरहेको वा धकेको वा मुख बाहेर स्वास फेरेको अवस्था,

(ख) थरथर कामेको अवस्था,

(ग) ऋतुकालमा नरहेको पोथी र अन्य पशुले तुरुकतुरक तर छिटोछिटो पिसाव गरेको अवस्था,

(घ) अन्य कुनै रोग नहुँदा पनि र्‍याल काढिरहेको अवस्था,

(ङ) वथानका अन्य पशु बसिरेहेको समयमा पनि कुनै पशु उभिईरहेको अवस्था,

(च) भौतिक चोटका कारण शरीरको कुनै भागमा डाम परेको वा सुम्ला उठेको अवस्था।

(२) पशुमा डर, त्रास र तनाव हुन नदिन देहाय अनुसार गर्नु, गराउनु पर्दछ।

(क) पशु तर्सने गरी गोठ र वरपर कुनै गतिविधिहरु गर्नु हुँदैन।

(ख) पशुबाट पशुधनीको चाहना विपरीतको कुनै क्रियाकलाप भएमा वा दूध दुहुँदा नपग्रिएको वा दूध लुकाएको वहानामा पशुलाई पिट्ने वा तर्साउने गर्नु हुँदैन।

(ग) पशुलाई तनाव हुन नदिन दफा ५, दफा ७, दफा ८ र दफा ९ मा व्यवस्था भएका प्रावधानहरु पालना गर्नु पर्दछ।

७. गोठ व्यवस्थापन सम्बन्धी व्यवस्थाः

(१) पशुपालनका लागि गोठ निर्माण गर्दा पशुलाई भौतिक र शीत तथा तापजन्य असुविधा नहुने गरी निर्माण गर्नुपर्नेछ।

(२) पशु राखिने गोठ सम्म परेको, सफा, सुख्खा र प्रकाश छिर्ने हुनु पर्नेछ।

(३) गोठको भूई नचिप्लने किसिमको हुनु पर्दछ।

(४) पशुलाई उठ्न, बस्न र घुम्न पुग्ने गरी बाँध्ने वा राख्ने ठाउँको व्यवस्था गर्नु पर्नेछ।

(५) खसी नपारेको भाले पशु र पोथी पशुलाई अलगै बाँध्ने वा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(६) जाडो मौसममा पशुलाई कठ्यांग्रिनबाट जोगाउन गोठमा थप सोत्तरको व्यवस्था गर्नुपर्नेछ।

(७) गर्मी मौसममा पशुलाई तापबाट हुने तनाव हुन नदिन पंखा तथा फोगरको व्यवस्था मिलाउन सकिनेछ।

(८) गोठ न्यानो पार्दा पशुको स्वास्थ्यमा क्षति नहुने गरी गोठमा हावाको गुणस्तर कायम गर्न भेन्टिलेसनको उचित व्यवस्थापन गर्नु पर्नेछ।

८. पीडा, घाउचोट र रोग व्याधिबाट सुरक्षण सम्बन्धी व्यवस्थाः

(१) सबै पशु सफा राख्न आवश्यक प्रवन्ध मिलाउनु पर्दछ।

(२) पशुको गोठ र वरपर तिखो तथा धारिलो औजार वा अन्य कुनै वस्तु राख्नु हुँदैन।

(३) पशुको शरीरको कुनैपनि भागमा रौं झर्ने, खुट्टाका जोर्नीहरु, फाँचो तथा काँधमा घाउ हुने वा सुजन हुने र पुच्छर चुँडिने वा भाँचिने जस्ता अवस्था सृजना हुन दिनु हुँदैन।

(४) सरकारी निकायहरुले सिफारिस गरेका संक्रामक तथा ठूलो आर्थिक क्षति पुऱ्याउने रोगहरु विरुद्ध नियमित खोप लगाउनु पर्दछ।

(५) नियमितरुपमा थुनेलो परीक्षण गर्नु, गराउनु पर्दछ।

९. सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने सुनिश्चितता सम्बन्धी व्यवस्थाः

(१) आमाको दूधमात्र खाउन्जेलसम्म नवजातलाई उसको आमाबाट छुट्टाउनु हुँदैन।

(२) एकै प्रजातिका पशु भेलाहुन र एक्लै वा आफू-आफूहरु बीच ग्रुमिङ्ग (Grooming) गर्ने अवसर दिनु पर्दछ।

१०. दूध उत्पादनका लागि पालिएका पशु वाहेक अन्य पशुलाई देहाय बमोजिम काममा लगाउन सकिनेः

(१) मापदण्ड बमोजिम पशु कल्याण सुनिश्चित हुने र निर्दयी व्यवहार नहुने गरी भारवहन, भार तान्ने कार्य वा श्रमजन्य काममा लगाउन सकिनेछ। तर कम्तीमा दुई बर्ष उमेर नपुगेको बहर, गोरु, राँगा र थारो अवस्थामा नरहेको भैंसीलाई काममा लगाउन पाईनेछैन।

(२) पशुलाई काममा लागाउँदा देहाय बमोजिमका सावधानी अपनाउनु पर्नेछ।

(क) पशुको उमेर, आहार, विकासको चरण, शारीरिक तन्दुरुस्ति, स्वास्थ्य स्थिति र सक्षमताका आधारमा काममा लागउनु पर्दछ।

(ख) मापदण्डको अनुसूची २ अनुसारको शारीरिक अवस्था मापक सूचक बमोजिम धेरै दुब्लो र धेरै मोटो भनी यकिन भएको पशुलाई काममा लागउन हुँदैन।

(ग) प्रचण्ड गर्मी, अविरल बर्षा, आँधिबेहरी, असिना, हिमपात, बज्रपात जस्ता प्राकृतिक विपद् भैरहेको प्रतिकूल मौसम रहेको समयमा, अध्यारोमा र पशुको ज्यानै जान सक्ने उच्च जोखिम हुने अप्ठेरो कार्यस्थलमा पशुलाई काममा लागउन हुँदैन।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(घ) पशुको शारीरिक तौलको एक तिहाइ भन्दा अधिक भार बोकाउन र नौं गुणा भन्दा अधिक भार तान्न लागाउनु हुँदैन्।.

(ङ) काममा लगाइएको पशु लरखराएमा वा असामान्य लक्षण देखाएमा तुरुन्त काम गराउन रोक्नु पर्नेछ।

(च) दैनिक अधिकतम आठ घण्टा भन्दा बढी समय काममा लागाउनु हुँदैन।

(छ) पशुलाई हप्तामा कम्तीमा एक दिन आराम गर्न दिनु पर्दछ।

११. निवृत्त पशु व्यवस्थापनः

(१) उत्पादनशील जीवन पार गरेका, थुनेलोका कारण चारवटै थुन अनुत्पादक भएका, प्रजनन् सम्बन्धी रोग वा अन्य कुनै कारणले अनुत्पादक ठहर भएका गाई कालगतिले नमरेसम्म स्याहार गर्नु पशुधनीको दायित्व र कर्तव्य हुनेछ।

(२) निवृत्त पशु व्यवस्थापनका लागि पशुधनीले एक छुट्टै कोषको स्थापना र परिचालन गर्न सक्नेछ।

(३) प्रत्येक गाईबाट उत्पादन लिन सुरु गरेपछि त्यस्ता गाईको बार्षिक उत्पादनको बिक्रिबाट प्राप्तहुने आयको दश प्रतिशत रकम उपदफा (२) अनुसारको कोषमा जम्मा गरी निवृत्त अवस्थामा त्यस्ता गाईको भरण पोषण तथा संरक्षणका लागि उक्त रकम खर्च गर्न सकिनेछ।

## परिच्छेद ३ः गाईभैंसी प्रति हुने निर्दयी व्यवहार

१२. गाईभैंसीप्रति निर्दयी व्यवहार भएको ठहरिनेः

(१) सामान्यतया व्यावसायिकरुपमा दूध उत्पादनका लागि गाईभैंसीपालन गर्दा वा भारवहन वा श्रमजन्य लगायतका अन्य काममा प्रयोग गर्दा देहाय बमोजिमका कार्य गरे, गराएमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछ।

(क) नवजात बाच्छाबाच्छी पाडापाडीलाई मार्ने नियतले सुकेनास गराउने, भोकै राख्ने, अजीर्ण बनाउने वा फाल्ने लागायतका अन्य कार्य गर्ने,

(ख) घाउ चोट लाग्ने वा पीडा हुने गरी हिर्काउने,

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

(ग) घाउ चोट वा पीडा हुने गरी फाल्सन लगाउने, नाक, पुच्छर, खुट्टा बाँध्ने वा झुण्डाउने,

(घ) पुच्छर बटार्ने वा भाँच्ने, अङ्गभङ्ग गर्ने,

(ङ) विरामी वा घाइते पशुको उपचार नगर्ने,

(च) सरकारी निकायले तोकेको विधि विपरीत बन्ध्याकरण गर्ने,

(छ) छाडा छोड्ने,

(ज) पशुलाई पीडा हुने किसिमका अन्य जुनसुकै कार्य गर्ने।

(२) जो जसले नियतवस वा लापरवाहीपूर्वक मापदण्डको दफा ४ बमोजिम गाईभैंसीको कल्याण सम्बन्धी व्यवस्था उल्लङ्घन हुने गरी पशुप्रति जुनसुकै कार्य गरी, गराई प्रताडित गरेमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछ।

१३. निर्दयी व्यवहार भएको नमानिनेः

(१) देहायको अवस्थामा पशुप्रति निर्दयी व्यवहार भएको मानिने छैनः

(क) दर्तावाल पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले कानूनले तोके बमोजिम वा स्वीकृत कार्यविधि अनुसार गाईभैंसीपालन व्यवस्थापन, स्वास्थ्य परीक्षण, शल्य चिकित्सा, स्वास्थोपचार वा अन्य कार्यहरु गर्न।

(ख) प्रचलित कानूनले प्रतिवन्ध लगाएको प्रजाति बाहेक यस मापदण्ड आकर्षित हुने अन्य पशुको हकमा अङ्गभङ्ग भई पीडाग्रस्त अवस्थामा रहेको पशुलाई पीडा मुक्त गर्न आवश्यक देखिएमा, पशु स्वास्थ्य, जनस्वास्थ्य, जनसुरक्षा वा अन्य कारणले पशुलाई नपक्री नहुने भएमा र उपचार नहुने रोग लागेका कारण वध गर्नैपर्ने अवस्था भएको ठहर गरेमा दर्तावाल पशु चिकित्सकको सुपरिवेक्षणमा तोकिए बमोजिमको मानवीय तरिका अपनाएर पशुलाई नियन्त्रणमा लिने वा करुणा मृत्यु दिने प्रयोजनार्थ गरिने क्रियाकलाप गर्न।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

## परिच्छेद ४: पशु कल्याणको अवस्था मापन सम्बन्धी व्यवस्था

१४. दर्तावाल पशु चिकित्सकले अनुसूची ३ बमोजिम व्यावसायिक फर्ममा पालिएका पशुको कल्याणको अवस्था मापन पश्चात "नराम्रो", "सामान्य" र "राम्रो" गरी बर्गीकरण गर्न सक्नेछ।

१५. पशु चिकित्सकले दफा १४ अनुसार पशु कल्याणको अवस्था मापन गर्दा कुनै पशुको कल्याणको अवस्था "नराम्रो" रहेको पाएमा कम्तीमा "सामान्य" अवस्थामा पुऱ्याउनका लागि आवश्यक व्यवस्था मिलाउन पशुधनीलाई आदेश दिन सक्नेछ। त्यस्तो पशुलाई "सामान्य" अवस्थामा नपुगेसम्म काममा लगाउन सकिने छैन।

## परिच्छेद ५: गाईभैंसी प्रति हुने जिम्वेवारी र उत्तरदायित्व

१६. जिम्मेवारी वहन गर्नु पर्ने: पशु सेवाका सरकारी निकाय, गैर सरकारी संघ संस्था, व्यावसायिक फर्म तथा पशुधनी, दर्तावाल पशु चिकित्सक तथा पशु सेवा व्यवसायी र अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थाले गाईभैंसीको कल्याण सुनिश्चित गर्न र गाईभैंसी प्रति हुने निर्दयी व्यवहारमा रोकावट गर्नको लागि मापदण्डको दफा १७, १८, १९ र २० मा व्यवस्था गरिए बमोजिम आ-आफ्नो स्थानमा समान रुपमा जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व वहन गर्नु पर्नेछ।

१७. पशु सेवाका सरकारी निकायको जिम्मेवारी: पशु सेवाका सरकारी निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(१) मापदण्ड कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालहरु बीच समन्वय, जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्नु।

(२) भेटेरिनरी निरिक्षण गर्दा गाईभैंसी कल्याण सम्बन्धी व्यवस्थाको समेत मापन गर्न र निजी क्षेत्रका दर्तावाल पशु चिकित्सकलाई समेत मापदण्ड कार्यान्वयन गर्न, गराउन आवश्यकता अनुसार जिम्मेवारी प्रदान गरी सो को अनुगमन गर्नु।

(३) मापदण्ड लागु गर्न अनुगमन गर्ने र मापदण्डलाई आवश्यकता अनुसार अध्यावधिक गर्न मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

१८. पशु सेवाको क्षेत्रमा कार्य गर्ने गैर सरकारी संघ संस्थाको जिम्मेवारीः पशु सेवाको क्षेत्रमा कार्य गर्ने गैर सरकारी संघ संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(१) व्यावसायिक फर्ममा पालन गरिएका गाईभैंसीको कल्याणको अवस्था सुनिश्चित गर्न पशु सेवाका सरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्नु।

(२) पशु कल्याण सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु।

(३) पशु कल्याणको क्षेत्रमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु।

१९. पशु धनीको जिम्मेवारी र उत्तरदायित्वः पशु धनीको जिम्मेवारी र उत्तरदायित्व देहाय अनुसार हुनेछ।

(१) पशु कल्याणको अवस्था सुनिश्चित गर्नु।

(२) पशु प्रति निर्दयी व्यवहार हुन नदिनु।

(३) कल्याणको अवस्था मापन पश्चात पशु चिकित्सकले दिएको आदेश पालना गर्नु।

(४) निवृत्त पशुको व्यवस्थापन गर्नु।

२०. दर्तावाल पशु चिकित्सक र पशु सेवा व्यवसायीको जिम्मेवारीः दर्तावाल पशु चिकित्सक र पशु सेवा व्यवसायीको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(१) दर्तावाल पशु चिकित्सकले गाईभैंसी पालन गर्ने व्यावसायिक फर्ममा सेवा प्रवाह गर्दा दफा १४ अनुसार गाईभैंसी कल्याणको अवस्था मापन गरी एक प्रति सम्वन्धित जिल्लाको पशु सेवा हेर्ने कार्यालय र एक प्रति सम्वन्धित पशु धनीलाई उपलव्ध गराई पशुधनीलाई आवश्यक निर्देशन दिने तथा गाईभैंसीको कल्याणको अवस्था "राम्रो" वनाउन सेवा प्रदायक अन्य पशु सेवा व्यवसायीहरुसँग समन्वय गर्ने।

(२) व्यावसायिक फर्ममा सेवा प्रदान गर्ने पशु सेवा व्यवसायीले गाईभैंसीको कल्याण सुनिश्चित गर्न र गाईभैंसी प्रति निर्दयी व्यवहार हुन नदिन पशुधनीले गरेका व्यवस्थापकीय क्रियाकलापहरुको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## परिच्छेद ६: गाईभैंसी ढुवानी सम्बन्धी व्यवस्था

२१. ढुवानी गर्ने तरिका: गाईभैंसीलाई पैदल, ट्रक वा पिकअप गाडीमा राखेर ढुवानी गर्न सकिनेछ।

२२. ढुवानी गर्दा अपनाउनुपर्ने सावधानी:

(१) पशु ढुवानी गर्दा हलचल गर्न सक्ने, घाउ चोट नलाग्ने, अत्याधिक तातो वा चिसोबाट बचाउने र एक आपसमा ठोक्किएर अंगभंग नहुने गरी सावधानीपूर्वक ढुवानी गर्नु पर्नेछ।

(२) प्रचण्ड गर्मी (३० डिग्री सेल्सियसभन्दा माथि), अविरल बर्षा, आंधी-वेहरी, असिना, हिमपात तथा बज्रपात भैरहेको प्रतिकुल मौसममा पशुलाई ढुवानी गर्नु हुँदैन।

(३) गाईभैंसीलाई पैदल ढुवानी गर्नुपर्दा दैनिक अधिकतम आठ घण्टा र बढिमा चौविस किलोमिटर भन्दा बढी हिडाउनु हुँदैन। यसरी ढुवानी गर्दा गाईभैंसीलाई प्रतिघण्टा तीन किलोमिटर र पाडापाडी बाच्छाबाच्छीलाई प्रतिघण्टा दुई किलोमिटर नवढ्ने गरी हिंडाएर ढुवानी गर्नु पर्दछ। हिंडाएर ढुवानी गर्दा दुई देखि चार घण्टाको फरकमा विश्राम गराउनु पर्दछ। विश्रामको समयमा दाना पानीको उचित प्रवन्ध मिलाउनु पर्दछ। पानी पिउन दिएको बीस मिनेट र आहारा दिएको एक घण्टा आराम नगराई पुनः हिंडाउनु हुँदैन।

(४) पशुलाई ट्रक वा पिकअप गाडीमा राखेर ढुवानी गर्दा गाडीको अग्र भाग तर्फ पशुको मुख फर्कने गरी चढाउनु पर्नेछ। यसरी ढुवानी गर्दा गाडीको गति एकनासको हुने गरी तर चालिस किलोमिटर प्रतिघण्टा भन्दा बढी नहुने गरी ढुवानी गर्नुपर्दछ।

(५) गाडीमा राखेर पशु ढुवानी गर्दा पशुलाई अस्वभाविकरुपमा शरीर, नाके डोरी, पुच्छर वा खुट्टा बाँध्नु हुँदैन। तर एक्लो पशु ढुवानी गर्दा वा पशुलाई घाउ चोट नलागोस् भनी सामान्यरुपमा यातना वा पीडा नहुने गरी बाँध्न सकिनेछ।

२३. गाडी भित्र पर्याप्त स्थान उपलव्ध हुनुपर्ने: गाडीमा राखेर पशु ढुवानी गर्दा बयस्क गाईभैंसीका लागि प्रति पशु ०.८४ देखि १.२७ वर्ग मिटर र प्रति पाडापाडी बाच्छाबाच्छी ०.३ देखि ०.४ वर्ग मिटर स्थान (Floor Space) उपलव्ध गराउनु पर्नेछ।

२४. सोत्तरको व्यवस्था हुनुपर्नेः गाडीमा राखेर पशु ढुवानी गर्दा गाडीमा पशु ढुवानीका लागि उपलव्ध सबै स्थानमा प्रति वर्ग मिटर १० केजीका दरले परालको सोत्तर वा काठको धुलो वा बालुवा बिच्छ्याउनु पर्नेछ।

## परिच्छेद ७: विविध

२५. मापदण्ड पालना गर्नुपर्नेः व्यावसायिकरुपमा गाईभैंसी पालन गर्दा मापदण्ड विपरीत हुने गरी गाईभैंसी कल्याण सम्बन्धी व्यवस्थाको उल्लङ्घन गर्न र पशुप्रति निर्दयी व्यवहार गर्न पाइने छैन।

२६. प्राथमिकता दिनुपर्नेः व्यावसायिक गाईभैंसी पालनको क्षेत्रमा प्रतिस्पर्धात्मक रुपमा अनुदान तथा सहयोग उपलव्ध गराउँदा सम्वन्धित सरकारी निकायहरुले पशु कल्याणको अवस्था तुलनात्मकरुपमा उच्च भएको फर्मलाई प्राथमिकता दिनुपर्नेछ।

२७. प्राविधिक प्रकृया तोक्न सक्नेः मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले मौजुदा ऐन, नियम, निर्देशिका तथा कार्यविधिसँग मेल खाने गरी पशु कल्याणका लागि आवश्यक प्राविधिक प्रकृयाहरु निर्धारण गरी लागू गर्न र मापदण्डमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

२८. वाधा अडकाउ फूकाउन सक्नेः मापदण्ड कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयले वाधा अडकाउ फुकाउन सक्नेछ।

२९. संसोधन गर्न सक्नेः मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड संसोधन गर्न सक्नेछ।

३०. कानून विपरीत भएको ठहरिनेः यस मापदण्ड विपरीत भएको कार्यहरु प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिका विपरीत भएको ठहरिने छ।

३१. प्रचलित कानून बमोजिम हुनेः मापदण्डमा लेखिएका कुरा यसै मापदण्ड बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ। मापदण्डमा लेखिएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

## अनुसूची १ः गाईभैंसीलाई दिनुपर्ने सन्तुलित दानाको परिमाण

(मापदण्डको दफा ५ को उपदफा (३) सँग सम्वन्धित)

| क्र.सं. | पशुको किसिम र अवस्था | दैनिक उपलव्ध गराउनुपर्ने सन्तुलित दानाको परिमाण |
|---|---|---|
| १ | कोरली र थोरे | १.५ केजी |
| २ | बहर, गोरु, राँगा र काममा लगाइने थारो भैंसी | ३ केजी |
| ३ | ब्याउने माउ | ३ केजी |
| ४ | दुहुनो माउ | दैनिक १० लिटरसम्म दूध दिनेको लागि ३ केजी र त्यसपछी प्रति २.५ लिटर दूध बराबर थप १ केजी |
| ५ | निवृत्त पशु | १ केजी |

नोटः दैनिक उपलव्ध गराउनुपर्ने सन्तुलित दानाको परिमाण भन्नाले घाँसपातका अलवा दिनुपर्ने सन्तुलित दानाको परिमाण भन्ने बुझ्नुपर्दछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची २: पशुको शारीरिक अवस्था मापन सूचक

### (मापदण्डको दफा १० को उपदफा (२) को खण्ड (ख) सँग सम्वन्धित)

| शारीरिक अवस्था र अङ्क | घाँटी र काँध | जुरो र मेरुदण्ड | करङ र पेट | ढाड र कम्मर | पिठ्यूँका हाड र फिला |
|---|---|---|---|---|---|
| दयनीय (अङ्क:१) | घाँटी र काँध झ्वाट्ट हेर्दा जोडिएको देखिने। दुबै पाताका तिनकुने हाडको आकृति देखिने र छाम्न सकिने। | जुरो चुच्चो परेको देखिने। मेरुदण्डका हाड सहजै देखिने र छाम्न सकिने। | टाढैबाट करङ देखिने र छाम्न सकिने। पेट माथिपट्टि टाँसिएको। | ढाडमा मेरुदण्डका हाडको ठाडो धार र तेर्सा चुच्चो परेको आकृति टाढैबाट देखिने। | पिठ्यूँका हाड थोरै मांसपेशीले ढाकेको र छाम्न सकिने । पुच्छरको फेदपट्टि कोप्रो परेको। |
| दुब्लो (अङ्क: २) | घाँटी र कुम जोडिने स्थानमा थोरै मांसपेशीले हाड पुरिएको देखिने। | हाडका चुच्चालाई थोरै मांसपेशीले ढाकेको, सहजै नदेखिने तर छाम्न सकिने। | करङ नदेखिने तर छामेर भेट्टाउन सकिने। | मेरुदण्डको दुबैपट्टि थोरै मांसपेशी, सामान्य दवाब दिएर छामेपछि मात्र हाड फेला पर्ने। | फिलामा थोरै मासु भेटिने,पिठ्यूँका हाड सहजै छाम्न सकिने। |
| स्वस्थ (अङ्क: ३) | राम्रो मांसपेशी/बोसोको समान्य तहले हाड पुरिएको, गोलाकार काँध र घाँटी बिस्तारै मिलेको देखिने। | मेरुदण्डका हाडलाई मांसपेशीले राम्रोसँग ढाकेको, जुरो र ढाड बिस्तारै मिलेको। | करङ पुरिएका दबाब दिएर मात्र फेला पर्ने। दरिला मांसपेशीले पेट टम्म मिलेर फैलिएको। | मेरुदण्डको दुबैपट्टि राम्रोसँग मांसपेशी विकास भएको र सामान्य दबाब दिंदा पिन हाड फेला पार्न नसकिने। | फिलामा प्रशस्त मांसपेशी भेटिने, पिठ्यूँका हाड गोलो परेको देखिने र दबाब दिएर मात्र छाम्न सकिने। |
| मोटो (अङ्क: ४) | बाक्लो घाँटी, मेरुदण्डको धार साह्रो, काँधको दुबैतर्फ समान रुपमा बोसोले भरिएको। | जुरोमा बोसो भरिएर फैलिएको, दरिलो गरी थिचेपछि मात्र हाड फेला पर्ने। | दरिलो गरी थिचेपछि मात्र तल्लो भागमा करङ फेला पर्ने। पेट बढेर शरिरबाट बाहिर आएको। | दरिलो दबाब दिएर छामे मात्र मेरुदण्डका हाड फेला पर्ने। मेरुदण्डको सामान्य धार मात्र देखिने। | गोलाकार फिला, दरिलो दबाव नदिएसम्म हाड फेला नपर्ने, सबै भागमा समान रुपमा बोसो भरिएको। |
| धेरै मोटो (अङ्क: ५) | बोसो भरिएर धेरै बाक्लो घाँटी, एकातर्फ ढाकिएको डल्लो जुरो, गोलो उठेको काँध। | जुरोमा बोसो भरिएर फैलिएको, दरोगरी छामेर पनि मेरुदण्डको हाड फेला पार्न नसकिने। | करङ छामेर नभेटिने, बोसोका अग्ला होचा बनोट देखिने। पेट झुण्डिएको देखिने। | ढाड चेप्टिएको, दरिलो दबाब दिए पनि मेरुदण्ड नभेटिने, मेरुदण्डको धारमा गहिरो परेको। | पिठ्यूँका हाड फेला नपर्ने, पच्छरको फेदमा दुबैतर्फ बोसोका लोती निस्किएको र ठाउँठाउँमा बोसो थुप्रिएको देखिने। |
| नोटः अङ्क प्रदान गर्दा उपयुक्तता अनुसार ०.२५ वा ०.५ थप वा घट गर्न सकिनेछ। तर १ भन्दा कम र ५ भन्दा बढी अङ्क दिन सकिने छैन। | | | | | |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

## अनुसूची ३ः पशुकल्याण मापन सूचक

(मापदण्डको दफा १४ सँग सम्वन्धित)

### (क) पशु सम्बन्धी विवरण

१. पशुको पहिचान नं.: ............................

२. प्रजातीः.......... (गाई-१, भैंसी-२)

३. जातः........... (जर्सी-१, यचयफ-२, जर्सी क्रस-३, यचयफ क्रस-४, स्थानीय गाई-५, अन्य गाई-६, मुर्रा-७, मुर्रा क्रस-८, लिमे-९, पारकोटे-१०, अन्य भैंसी-११)

४. लिङ्गः ............ (भाले-१, पोथी-२)

५. उमेरः ............

६. हालको अवस्थाः ........ (पाडापाडी/बाच्छाबाच्छी-१, कोरली/थोरे-२, खसी पारेको भाले-३, खसी नपारेको भाले-४, ब्याउने-५, दुहुनो-६, थारो-७)

७. काममा लगाइने पशु भएमाः ........ (जोत्ने-१, भारी बोक्ने-२, गाढा तान्ने-३)

### (ख) मुल्याङ्कन सूचक र अंक

| क्र.सं. | मुल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरली/थोरे (पूर्णाङ्कः ६५) | माउ (पूर्णाङ्कः ८०) | थारो (पूर्णाङ्कः ७०) | भाले (पूर्णाङ्कः ७०) |
| १ | **शरीरको चाल (Gait)**<br>क. सामान्य -२<br>ख. असामान्य -० | | | | |
| २ | **गोठमा पर्याप्त ठाउँको व्यवस्थाः**<br>क. छ -३<br>ख. छैन -१ | | | | |
| ३ | **गोठको सरसफाईको अवस्था**<br>क. राम्रो -३<br>ख. मध्यम -२<br>ग. नराम्रो -१ | | | | |
| ४ | **गोठ र वरपर रहेका वस्तुहरु र वातावरणको अवस्था**<br>क. धारिलो वस्तुहरु नरहेको र सफा स्वच्छ वातावरण -३<br>ख. धारिलो वस्तुहरु नरहेको र मध्यमस्तरको वातावरण -२<br>ग. जस्तो सुकै वातावरण भए पनि धारिलो वस्तुहरु रहेको -१ | | | | |
| ५ | **झरी, हावाहुरी, असिना र प्रचण्ड गर्मि बाट सुरक्षित गर्ने किसिमको गोठ**<br>क. सुरक्षित -३<br>ख. मध्यम -२<br>ग. असुरक्षित -१ | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **गोठको भूईंको अवस्था**<br>पानी/पिसाव नजम्ने र नचिप्लने -३<br>पानी/पिसाव जम्ने वा चिप्लने -१ | | | | |
| ७<br>७.१<br><br><br><br>७.२<br><br><br><br>७.३ | **दुहुनो पशु सँगै बाच्छाबाच्छी पाडापाडी भएमा**<br>**पर्याप्त बिगौति (५ दिन सम्म)/पर्याप्त दूध (दुई महिना सम्म) खान पाएको नपाएको**<br>क. पाएको -५<br>ख. नपाएको -२<br>**नरम र कमलो घाँसपातको व्यवस्था भएको नभएको** (जन्मेको १५ दिन पछि)<br>क. भएको -३<br>ख. नभएको -१<br>**पाडीबाच्छी र पाडाबाच्छामा बिगौती/दूध खुवाउन विभेद**<br>क. नगरेको -३<br>ख. गरेको -१ | | | | |
| ८ | **पर्याप्त हरियो घाँसपातको उपलब्धता**<br>क. भएको -३<br>ख. मध्यम -२<br>ग. नभएको -१ | | | | |
| ९ | **पानीको प्रवन्ध**<br>क. चाहना अनुसार (जुनसुकै समयमा) -३<br>ख. कम्तीमा २ पटक (खाए जति) -२<br>ग. निश्चित समय र निश्चित परिमाण -१ | | | | |
| १० | **आवश्यकता अनुसार दानाको प्रवन्ध**<br>क. भएको -३<br>ख. आंशिक -२<br>ग. नभएको -१ | | | | |
| ११ | **शारीरिक अवस्थाको मापन**<br>क. २.५ भन्दा कम भएमा -३<br>क. २.५-३.७५ भएमा -१०<br>ग. ३.७५ भन्दा धेरै भएमा -५ | | | | |
| १२ | **खुरको अवस्था**<br>क. सामान्य -२<br>ख. असामान्य -१ | | | | |
| १३ | **जोर्नी तथा खुट्टाको स्वस्थता**<br>क. कुनै पनि भागमा सुजन नभएको -३<br>ख. कुनै एक भागमा मात्र सुजन भएको -२<br>ग. एक भन्दा धेरै भागमा भएको -१ | | | | |
| १४ | **काँधको स्वस्थता**<br>क. सामान्य -५<br>ख. काँध फुटेको -२<br>ग. आलो घाउ रहेको -० | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | **शरीरमा घाउको अवस्था**<br>क. घाउ नभएको -५<br>ख. १ वर्ग सेमी भन्दा सानो घाउ भएको -३<br>ग. १ वर्ग सेमी भन्दा ठूलो घाउ भएको -१ | | | | |
| १६ | **फांचो र थुनको स्वस्थता**<br>क. सामान्य -४<br>ख. एक थुन बिग्रिएको -२<br>ग. एक भन्दा धेरै थुन र फाँचो बिग्रएको -१ | | | | |
| १७ | **शरीरको कुनै भागमा रौं खुइलिएको वा रौंको रङ्ग परिवर्तन भएको**<br>क. नखुइलिएको र परिवर्तन नभएको -२<br>ख. खुइलिएको वा परिवर्तन भएको -१ | | | | |
| १८ | **आँखाको स्वस्थता**<br>क. स्वस्थ र दुवै आँखा देख्ने -३<br>ख. अस्वस्थ तर दुवै आँखा देख्ने -१<br>ग. एउटा वा दुवै आँखा नदेख्ने -० | | | | |
| १९ | **सिङको अवस्था**<br>क. सामान्य -२<br>ख. हल्लिएको वा भाँचिएको -० | | | | |
| २० | **पुच्छरको फेद र गर्दनको भागमा जुम्रा, किर्ना**<br>क. नदेखिएको -२<br>ख. देखिएको -१ | | | | |
| २१ | **भ्यागुते, चरचरे र खोरेत रोग विरुद्ध खोप लगाएको/नलगाएको**<br>क. नियमित तालिका अनुसार सबै खोप लगाएको -५<br>ख. खोप लगाएको तर नियमित तालिका अनुसार नलगाएको -३<br>ग. कुनैपनि खोप नलगाएको -० | | | | |
| २२ | **निवृत्त पशु व्यवस्थापन कोष (गाईमात्र वा गाई समेत पालेको फर्मको हकमा मात्र)**<br>क. स्थापना र परिचालन गरेको -५<br>ख. स्थापना नगरेको -० | | | | |
| कुल प्राप्ताङ्क | | | | | |
| **पशु कल्याणको अवस्थाः** देहायको आधारमा पशु कल्याणको अवस्था मुल्याङ्कन गर्ने। तर गाईपालन नगरेको फर्मको हकमा मुल्याङ्कन गर्ने अंक सीमामा ५ अंक कम गरी मुल्याङ्कन गर्ने। | | | | | |
| कोरली/थोरेको हकमा कुल प्राप्ताङ्क ५५ भन्दा बढी **"राम्रो"**, ४५ देखि ५५ सम्म **"सामान्य"** र ४५ भन्दा कम **"नराम्रो"**। | | | | | |
| माउको हकमा कुल प्राप्ताङ्क ६५ भन्दा बढी **"राम्रो"**, ५५ देखि ६५ सम्म **"सामान्य"** र ५५ भन्दा कम **"नराम्रो"**। | | | | | |
| थारो र भाले पशुको हकमा कुल प्राप्ताङ्क ६० भन्दा बढी **"राम्रो"**, ५० देखि ६० सम्म **"सामान्य"** र ५० भन्दा कम **"नराम्रो"**। | | | | | |